

आयोजना निर्माण कार्य तीव्र गतिमा

# दोर्दी-१ जलविद्युत खबर

आश्विन २०७५, अंक २२

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण कार्य अन्तर्गत Inlet तर्फबाट ३३० मिटर सुरुङ्ग निर्माण कार्य सकिएको छ भने Outlet तर्फबाट पनि १३० मिटर सुरुङ्ग निर्माण भइसकेको छ ।

यसरी आयोजनाले हाल सम्म Inlet र Outlet तर्फबाट गरी ४६० मिटर सुरुङ्ग निर्माण गरिसकेको छ । साथै, कार्तिक मसान्त सम्ममा Inlet र Outlet दुवै तर्फबाट गरी सुरुङ्गको लम्बाई ५४० मिटर पुऱ्याउने आयोजनाले लक्ष्य लिएको छ।




आयोजनाको Civil Works अन्तर्गत Desander को उत्खनन् कार्य सकिए सँगै यसको डण्डी बाँध्ने तथा ढलानको कार्य पनि थालनी भइसकेको छ । त्यसैगरी पावरहाउसको Civil Works अन्तर्गतको Detail Design को कार्य पनि सम्पन्न भइसकेको छ ।

आयोजनाको Hydromechanical कार्य अन्तर्गत हेडवर्क्सको सम्पूर्ण Mechanical Components हरुको Detail Design को कार्य सम्पन्न भइसकेको छ । साथै आयोजनाले यसै आश्विन २ गते Ghatal Trading and Suppliers Pvt. Ltd. सँग स्टील पाता ढुवानीको लागि सम्झौता सम्पन्न गरेको छ ।



**सम्पूर्ण शेयरधनी महानुभावहरुमा विजयादशमी २०७५ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

त्यसै गरी आयोजनाले पेनस्टक पाईप बनाउन आवश्यक पर्ने Steel Plate खरिदका लागि Steel Authority of India Ltd. (SAIL) सँग यसै आश्विन ४ गते सम्झौता सम्पन्न गरेको छ र त्यसका लागि Letter of Credit (LC) पनि खोलिसकेको छ ।
आयोजनाले Transmission Line को प्रारम्भिक वातवरणीय परीक्षण (IEE) कार्य अघि बढाउनका लागि Terms of Reference (ToR) उर्जा मन्त्रालयमा पेश गरिसकेको छ ।

यस आयोजनाको Transmission Line को बोलपत्र आह्वान गरिसकिएको छ । आयोजनाले Electromechanical कार्यका लागि आउँदो कार्तिक मसान्त सम्ममा ठेकेदार चयन गरी निर्माण कार्य अघि बढाउने लक्ष्य राखेको छ ।
यसै गरी बैंक तथा वित्तिय संस्थाहरुबाट पनि आयोजनालाई सकारात्मक प्रतिक्रियाहरु प्राप्त भइरहेको छ साथै उक्त संस्थाहरुद्धारा चौमासिक रुपमा गरिने भनिएको साइट अवलोकन मध्य पहिलो अवलोकन पनि गत आषाढ महिनामा सम्पन्न भइसकेको छ ।


Outlet Tunnel Portal Support Works

आयोजनाले निर्माण क्षेत्रमा कामदारहरुको सुरक्षालाई ध्यान दिदैं सम्पूर्ण कामदारहरुलाई सुरक्षा सम्बन्धी विभिन्न तालिम पनि गराउदै आएको छ। यसरी कामदारहरुको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै निर्माण कार्य अगाडि बढाइएको छ । साथै आयोजनाको सम्पूर्ण निर्माणाधिन कार्य, कामदार र उपकरणहरुको बिमा गरी सुरक्षित गरिएको छ ।

आयोजनाले सरोकार समिति एवं आयोजना क्षेत्रका जनप्रतिनिधिहरु बीच समन्वय गर्दै विभिन्न सामाजिक उत्तरदायित्वका कार्यहरुलाई पनि अघि बढाउँदै आएको छ । यसरी आयोजनाले निर्माण कार्यलाई निर्धारित लक्ष्य तर्फ उन्मुख गर्दै कार्य गतिमा तीव्रता दिइएको छ ।


Inlet Headrace Tunnel


Desander Excavation Ongoing

सम्पादक:पार्वती पराजुली
दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर ,काठमाडौं
फोन नः९७७-१-४२३२७४८, ४२३२७४९,
ईमेल :info @dordikhola.com.np
वेबसाइट: www.dordikhola.com.np